यो आकाशवाणी हो

प्रमुख समाचार

- विदेश सचिव विक्रम मिसरी आइतबारदेखि दुई दिनको चीन यात्रामा रहनुहुने
- इंडोनेशियाका राष्ट्रपति चार दिनको भारत यात्रामा; गणतन्त्र दिवस समारोहमा मुख्य अतिथि रहनुहुने
- मुख्य निर्वाचन आयुक्तले बायोमेट्रिक प्रमाणीकरणलाई बताउनुभयो एउटा भरपर्दो नवाचार
- केन्द्रिय जलशक्ति मन्त्रीले भन्नुभयो, भारत जल संरक्षणका लागि प्रतिबद्ध अनि
- रक्षा मन्त्रीले व्यक्त गर्नुभयो आयुध कारखानामा भएको विस्फोटमाथि दु:ख व्यक्त

- **Ministry of External Affairs**

विदेश सचिव विक्रम मिसरी आइतबारदेखि दुई दिनको चीन यात्रामा रहनुहुनेछ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले नयाँ दिल्लीमा एउटा संवाददाता सम्मेलनमा भन्नुभयो, विदेश सचिवले चीनमा आफ्ना समकक्षीसित बैठक गर्नुहुनेछ। यस बैठकमा सबै द्विपक्षीय हितसित सम्बन्धित मुद्दामाथि चर्चा हुनेछ।

बंगलादेश सीमामा तार-बन्दीको प्रश्नमाथि विदेश मन्त्रालयका प्रवक्ताले भन्नुभयो, यस सम्बन्धमा भारत र बंगलादेशबीच धेरै समझौता गरिएको छ। अपराध सम्बन्धी घटनालाई रोक्नका लागि सीमामा तार-बन्दी आवश्यक छ। उहाँले भन्नुभयो, भारत, सीमामा बंगलादेशसित तार-बन्दीको सम्बन्धमा गरिएको समझौता सकारात्मक रूपमा लागू हुनुपर्छ भन्ने चाहन्छ। उहाँले भन्नुभयो, दुवै देशको सीमामा समझौताअनुसार तार-बन्दी गरिएको छ।

अवैध प्रवासीमाथि श्री जायसवालले भन्नुभयो, भारत, अवैध प्रवासन विरूद्ध छ, किनभने यसको सम्बन्ध संगठित अपराधसित छ। सीमा सुल्कको मामिलामा विदेश मन्त्रालयका प्रवक्ताले भन्नुभयो, भारत र अमेरिकाको सम्बन्ध धेरै दहिलो र व्यापक छ.

---------------------------------------X---------------------------------------

- **Indonesia President's India visit**

विदेश मन्त्री सुब्रहमण्यम जयशंकरले आज इंडोनेशियाका राष्ट्रपति प्रबोओ सुबियान्तोसित नयाँ दिल्लीमा भेट गर्नुभयो। डाक्टर जयशंकरले एउटा सोशल मिडिया पोष्टमा भन्नुभएको छ, इंडोनेशियाका राष्ट्रपति भारतको छयातरौं गणतन्त्र दिवस समारोहमा मुख्य अतिथिका रूपमा सहभागी बन्नुहुनेछ। यो दुवै देशको मित्रताको प्रतिक हो। उहाँले भन्नुभएको छ, राष्ट्रपति श्री प्रबोओको निर्देश र भावनाबाट दुवै देशको बहुआयामिक सम्बन्धमा विकास भएको छ।
श्री प्रबोओ हिजो राती चार दिनको यात्रामा नयाँ दिल्ली आइपुग्नुभयो। विदेश राज्य मन्त्री पबित्रा मार्गरिटाले उहाँलाई विमानास्थलमा स्वागत जनाउनुभयो। यात्राअवधि श्री प्रबोओले राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीसित भेट गर्नुहुनेछ।

---------------------------------------X---------------------------------------

- **EC Conference**

मुख्य निर्वाचन आयुक्त राजीव कुमारले आज भन्नुभयो, बायोमेट्रिक प्रमाणीकरण एउटा भरपर्दो नवाचार हो, जसबाट नक्कली र दोहोरो मतदान मात्र नरोकिएर वास्तविक नागरिकको मतदान पनि सुनिश्चित भएको छ। उहाँले भारतीय निर्वाचन आयोगको नयाँ दिल्लीमा दुई दिनको अन्तरराष्ट्रिय सम्मेलनको समापन सत्रलाई सम्बोधन गर्दै यसो भन्नुभयो। श्री कुमारले भन्नुभयो, भारतमा मतदाताहरूको बायोमेट्रिक एकत्रित गर्न शुरू गरिएको छ अनि यो प्रक्रिया चलिरहेछ। उहाँले भन्नुभयो, रिमोट मतदान एउटा क्रान्ति

हो, जसबाट नागरिकले जहिँबाट पनि आफ्नो मतदान दिन सक्नेछन्। उहाँले भन्नुभयो, रिमोट मतदानका लागि कुनै पनि प्रणाली पूर्ण रूपमा गोपनीय र सुरक्षित हुनुपर्छ।
श्री कुमारले भन्नुभयो, इलेक्ट्रोनिक भोटिङ प्रणालीबाट द्रुत गतिमा मतदान सम्भव भएको छ अनि मानवीय गल्तिको आशंका घटेको छ साथै यसबाट मतगणना पनि द्रुत गतिमा सुनिश्चित भएको छ।

---------------------------------------X---------------------------------------

- **Jal Shakti Davos**

केन्द्रिय जलशक्ति मन्त्री CR पाटिलले भन्नुभएको छ, भारतले जल संरक्षणका लागि प्रतिबद्ध हुनका साथै यस क्षेत्रमा क्रान्तिकारी परिवर्तन गरिरहेछ। उहाँले दावोसमा विश्व आर्थिक मञ्चमा भारतीय मण्डपमा आयोजित एउटा समारोहलाई सम्बोधन गर्दै भन्नुभयो, ठूलो संख्यामा प्रयासको माध्यमबाट राष्ट्रले जल संसाधनहरूलाई सुदृढ़ गरिरहेछ। यस बाहेक, सतत जल प्रबन्धनका लागि वैश्विक मानक पनि तय गरिँदैछ। अन्तराष्ट्रिय सहयोग र सामुहिक कार्यवाहीलाई दहिलो बनाउनमाथि जोड़ दिँदैछ भन्दै श्री पाटिलले भन्नुभयो, जलवायु परिवर्तन, जनसंख्या र अत्याधिक प्रयोगका कारण जल संकट बढिरहेछ। यो वैश्विक चुनौती हो भन्दै श्री पाटिलले भन्नुभयो, विगत वर्षमा भारत सरकारले ग्रामीण क्षेत्रहरूमा सुरक्षित पेयजलको पहुँच सुनिश्चित गर्नमा उल्लेखनीय प्रगति गरेको छ।

---------------------------------------X---------------------------------------

- **World Economic Forum – Davos**

तमिलनाडु, अनुसन्धान तथा विकास परियोजनाले विनिर्माण क्षेत्र, कृत्रिम बुद्धिमता र जीव-विज्ञानमा नयाँ निवेशका लागि खुल्ला रहनका साथै युवा प्रतिभाशील हुन अनि कुनै पनि चुनौतीपूर्ण कार्य गर्नका लागि तयार रहनु भन्ने कुराको सुनिश्चित गर्नेछ। विश्व आर्थिक मञ्चमा उद्योग र निवेश प्रोत्साहन मन्त्री TRB राजाले भन्नुभयो, तमिलनाडुले धेरै ट्रिलियन डलरको अर्थव्यवस्था बनिने लक्ष्य राख्दछ अनि औद्योगिक विकासलाई गति दिन सबै विकल्पमाथि ध्यान दिइनेछ।
उहाँले जोड़ दिँदै भन्नुभयो, राज्य सरकारले दीर्घकालिन लक्ष्यका साथ काम गरिरहेछ अनि यो लक्ष्य विकासका लागि मात्र नभएर समान अवसर भएको समाज विकसित गर्नका लागि पनि हो। उहाँले भन्नुभयो, देशभरि उद्योगहरूमा काम गर्ने सबै महिलाहरूमध्ये तीर्चालीस प्रतिशत महिलाहरू तमिलनाडुबाट छन्।

---------------------------------------X---------------------------------------

- **Rajnath Singh Blast**

रक्षा मन्त्री राजनाथ सिंहले महाराष्ट्रको भण्डारामा आयुध कारखानामा भएको विस्फोटमा एक जनाको मृत्यु भएकोमा शोक व्यक्त गर्नुभएको छ। सोशल मिडिया पोष्टमा उहाँले विस्फोटको बारेमा सुनेर आफूलाई दुःख लागेको बताउनुभएको छ। श्री सिंहले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। उहाँले भन्नुभएको छ, बचाउ दल घटनास्थलमा तैनात छ अनि प्रभावित मानिसहरूलाई सहायता प्रदान गर्ने सबै प्रयास गरिँदैछ।

---------------------------------------X---------------------------------------

- **PM Congratulates Martin**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आयरल्याण्डका प्रधानमन्त्रीको पदभार ग्रहण गरेकोमा श्री माइकल मार्टिनलाई बधाई दिनुभएको छ। प्रधानमन्त्रीले सोसल मिडिया पोस्टमा भन्नुभएको छ, हामी साझा मूल्यहरू र मानिसहरूबीच गहिरो सम्बन्धको दह्रिलो आधारमाथि द्विपक्षीय साझेदारीलाई अझ दह्रिलो गर्नमा मिलेर काम गर्न प्रतिबद्ध छौं।

---------------------------------------X---------------------------------------

- **Republic Day Guests**

राष्ट्रिय आयोजनामा जनसहभागिता बढ़ाउने सरकारको प्रयासअन्तर्गत नयाँ दिल्लीको कर्तव्य पथमा छयातरौं गणतन्त्र दिवस परेड हेर्न लगभग दश हजार विशेष अतिथियहरूलाई आमन्त्रित गरिएको छ। आमन्त्रित अतिथिहरूमा दुर्घटना निवारण र आपदा सहायता-आपदा मित्र स्वयंसेवक, मान्यता प्राप्त सामाजिक स्वास्थ्य (आशा) कार्यकर्ता, किसान उत्पादक संगठन (FPO), प्रधानमन्त्री किसान सम्मान निधि लाभार्थी, माई भारत स्वयंसेवक तथा अन्य शामेल छन्। यी स्वयंसेवकहरू र लाभार्थीहरूलाई शामेल गर्न सार्वजनिक सेवा तथा सुरक्षाका लागि समर्पित मानिसहरूको योगदानमा सरकारको प्रयासलाई दर्शाउँदछ। दिल्लीको पाण्डव नगरका आपदा मित्र स्वयंसेवक पञ्कज दासले आकाशवाणी समाचारसित विशेष कुराकानीमा यसलाई उनका निम्ति सपना पूरा भएको क्षण बताएका छन्।

---------------------------------------X---------------------------------------

- **Shivsagar-Blood-Donation-Record**

रक्तदानलाई सबैभन्दा ठूलो दान मान्दै अखिल भारतीय औषधि व्यवसायी संघ (AIOCD)-ले राष्ट्रिय स्तरमा एउटा विशाल रक्तदान कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रमअन्तर्गत शिवसागरमा पनि रक्तदान शिविरको आयोजना गरिएको थियो।
संघको पच्चासौं स्थापना दिवसको अवसरमा पचतर हजार यूनिट रक्तदानको लक्ष्य तय गरिएको छ, जसको माध्यमबाट विश्व रेकर्ड बनाउने योजना छ। असम राज्यको शिवसागर जिल्लाको जयदयाल खेमका मातृ सेवा सदनमा आज बिहानदेखि रक्तदान शिविर संचालन भयो। आयोजकअनुसार यस अभियानबाट हजारौं यूनिट रक्त संग्रह गर्ने लक्ष्य राखिएको छ।

---------------------------------------X---------------------------------------

- **JPC Waqf**

वक्फ संशोधन विधेयक 2024-माथि संसदको संयुक्त समितिको बैठकमा आज विपक्षका दशजना सांसदहरूलाई निलम्बित गरियो। सूत्रकाअनुसार यी सांसदहरूमा तृणमूल कंग्रेसका कल्याण ब्यानर्जी, DMK पार्टीका A राजा, कंग्रेसका नासिर हुसेन र इमरान मसूद तथा समाजवादी पार्टीका मुहिबुल्ला शामेल छन्। पछि भारतीय जनता पार्टीकी सांसद अपराजिता सारंगीले विपक्षी सदस्यहरूसित बैठकमा उनीहरूको आचरणमाथि प्रश्न उठाउनुभयो। उहाँले आरोप लगाउँदै भन्नुभयो, श्री कल्याण ब्यानर्जीले समितिका अध्यक्ष जगदम्बिका पालविरूद्ध असंसदीय भाषाको प्रयोग गर्नुभयो। अर्कातिर, श्री ब्यानर्जीले बैठकको विषय परिवर्तन गरियो भन्दै आरोप लगाउनुभयो कि दिल्ली चुनाउलाई ध्यानमा राख्दै कुराहरू हड़बड़ीमा गर्दैछ। उहाँले समितिका अध्यक्षको पनि आलोचना गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **Secretary Review**

आकाशवाणी र दूरदर्शनले छब्बीस जनवरीमा कर्तव्य पथबाट छयातरौं गणतन्त्र दिवस परेडको प्रत्यक्ष प्रसारण गर्नेछन्। यसको प्रसारण आकाशवाणी र दूरदर्शनका सबै नेटवर्कसितै **OTT** प्लेटफर्म वेब्समा गरिनेछ। कर्तव्य पथमा तयारीको समीक्षा गर्न पुग्नुभएका सूचना एवं प्रसारण सचिव सञ्जय जाजूले आज प्रत्यक्ष प्रसारणका लागि आकाशवाणी र दूरदर्शनद्वारा गरिएको

तयारीको जायजा लिनुभयो। श्री जाजूले आकाशवाणी र दूरदर्शनका टोलीको प्रयासको सराहना गर्दै भन्नुभयो, यस महत्त्वपूर्ण राष्ट्रिय कार्यक्रमको प्रसारण सुनिश्चित गर्न सबैले काम गरिरहेछन्।

---------------------------------------X---------------------------------------

प्रमुख समाचार पुनः एकपल्ट

- विदेश सचिव विक्रम मिसरी आइतबारदेखि दुई दिनको चीन यात्रामा रहनुहुने
- इंडोनेशियाका राष्ट्रपति चार दिनको भारत यात्रामा; गणतन्त्र दिवस समारोहमा मुख्य अतिथि रहनुहुने
- मुख्य निर्वाचन आयुक्तले बायोमेट्रिक प्रमाणीकरणलाई बताउनुभयो एउटा भरपर्दो नवाचार
- केन्द्रिय जलशक्ति मन्त्रीले भन्नुभयो, भारत जल संरक्षणका लागि प्रतिबद्ध अनि
- रक्षा मन्त्रीले व्यक्त गर्नुभयो आयुध कारखानामा भएको विस्फोटमाथि दुःख व्यक्त